# जिराभवानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सूचना ! सूचना !!!

## सुरक्षित नागरिक आवास कार्यक्रमको लागि १० दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।०८।३० गते)

उपर्युक्त सम्बन्धमा सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गर्न शहरी विकास मन्त्रालयबाट पठाईएको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (पहिलो संशोधन सहित) एंव सघन शहरी तथा भवन निर्माण आयोजना पर्सा, वीरगंजको च.नं. ३९०, मिति २०७७।०८।१७ गतेको पत्रानुसार पर्सा जिल्ला प्रतिनिधी सभा निर्वाचन क्षेत्र ४ अन्तर्गत पर्ने यस जिराभवानी गाउँपालिकाको लागि ९९ (उन्नासय) संख्यामा सुरक्षित नागरिक आवास कार्यक्रमको लागि आवास संख्या छनौट भएकोले उक्त कार्यको लागि यस जिराभवानी गाउँपालिकाको सम्पूर्ण वडाहरुमा तपसिलको योग्यता पुगेका जिराभवानी गाउँपालिका स्थायी बसोबास गर्ने लागभ्राहीहरुको निवेदन दिनका लागि यो दश दिने सूचना आधाह्वन गरिएको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ ।

१) **लाभग्राहीको लागि आवश्यक योग्यता :-**

क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस, विटुमिन ड्रम वा यस्तै प्रकृतिको आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य समाग्रीहरबाट छाएको,

ख) गरिबीको रेखामुनी रहका आफैले सुरक्षित आवास निर्माण गर्ने चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

ग) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

घ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

ङ) प्रकोपका कारण घरवार विहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस,

च) गरिबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित वडाको सिफारिस ।

२) **निवेदन दिने स्थानहरु :-** सबै वडा कार्यालयहरुमा

३) **निवेदन दिने अन्तिम मिति :-** २०७७।०९।०९ गते सम्म

४) **निवेदनको साथ संलग्लन गर्नुपर्ने कागजातहरु :-** १) नेपाली नागरिता प्रमाण पत्र २) जग्गाधनी प्रमाण पूर्जा ३) माथि उल्लेखित योग्यता पुगेको व्यहोरा सहितको सम्बन्धित वडाको सिफारिस पत्र

५) **नोट :- थप जानकारीको लागि सबै वडा कार्यालय तथा यस गाउँपालिकाको सम्पर्क नम्बर ९८५५०१५१०० मा सम्पर्क गर्न सक्नुहुने छ साथै निवेदन दर्ता गर्न कुनै पनि शुल्क लाग्ने छैन ।**

प्रीणि मेहता
प्रमुख प्रशासकीय अधिकृत